# लाभको बाँडफाँट कोष

डा. स्मृति दाहाल

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान छ । यो क्षेत्रले कूल गार्हस्थ उत्पादनमा करीब एक तिहाई योगदान गर्दछ र दुई तिहाई जनसंख्याको जीवनयापनका लागि आधार प्रदान गर्दछ । त्यसैले कृषि क्षेत्रको विकासका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयास गरिएको छ । यद्यपि आवश्यक लगानीको अभाव तथा अन्य संरचनात्मक समस्याका कारण नेपाली कृषि क्षेत्रबाट क्षमताअनुसार प्रतिफल प्राप्त हुन सकेको छैन । यसैकारण नेपालको अर्थतन्त्रमा यो क्षेत्रको योगदान प्रतिवर्ष घट्दै गएको देख्न सकिन्छ *(तालिका - १)* ।

**अन्तर्राष्ट्रियस्तरमा लाभको बाँडफाँट कोषको कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखिएका छन् । यस सन्दर्भमा नेपालले के-कस्ता अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय उपायहरू अवलम्बन गरी फाइदा लिन सक्छ ?**




media.npr.org

**तालिका १ अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान**

| आर्थिक वर्ष (सन्) | कूल गार्हस्थ उत्पादनमा हिस्सा (%) |
|---|---|
| १९८० | ६२ |
| १९९० | ५२ |
| २००० | ४१ |
| २०१० | ३७ |
| २०१३ | ३५ |

*स्रोतः विश्व विकास सूचकांक, विश्व बैंक २०१३*

नेपालमा मुख्य बालीको रूपमा विविध जातका धान, मकै, गहुँ, कोदो, फापर, जौ, आदिको खेती गरिन्छ । साथै, विविध जातका दाल, सागसब्जी एवं फलफूलहरु समेत पाइन्छन् । जलवायु परिवर्तनको सम्भावित असरहरूलाई मध्यनजर गर्दा उल्लेखित बालीलगायत प्रकृतिमा रहेका जैविक विविधताको उचित व्यवस्थापन अपरिहार्य बन्दै गएको छ । किनकी तिनको उपयोग गरेर आउने दिनमा प्रतिकूल मौसमसँग जुध्नसक्ने, आवश्यक पौष्टिकता भएको, एवं बढी उत्पादन दिने जातहरूको विकास गर्न सकिन्छ । तर पछिल्लो समयमा परिवर्तन हुँदै गएको कृषि प्रणाली, जलवायु परिवर्तन, उच्च उत्पादकत्व भएका मुख्य बालीका केही उन्नत जातको मात्र खेतीको विस्तार भइरहेकोले त्यस्तो विविधतामा क्षति पुग्ने सम्भावना भने बढ्दै गएको देखिन्छ ।

नेपालमा निर्वाहमुखी खेती गरेर जीवनयापन गर्ने कृषक समुदायको बाहुल्यता रहेको छ । यस्ता मुलुकहरूमा कृषिजन्य जैविक विविधताको संरक्षण र दिगो उपयोगमा तिनै कृषक समुदायको भूमिका बढी हुने गरेको छ । किनकी उनीहरूले जीवन निर्वाहका लागि विविध प्रकारका बालीहरूको खेती गर्ने गर्दछन् । साथै आफूलाई चाहिने बीउबिजनको संरक्षण आफैँ गरेर वा स्थानीयरूपमा साटासाट गरेर कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण र उपयोगसम्बन्धी आफ्नै प्रकारको ज्ञानको विकाससमेत गरिरहेका हुन्छन् । त्यसैले कृषिजन्य आनुवंशिक स्रोतको उपयोगका सन्दर्भमा यो समुदायको कुनै न कुनै प्रकारको हक हुनुपर्दछ भन्ने मान्यता विश्वस्तरमा क्रमशः स्वीकृत हुँदै आएको छ । यही कुरालाई आत्मसात् गरेर विश्वस्तरमा विभिन्न समयमा विभिन्न प्रकारका सन्धि-सम्झौताहरू समेत जारी भएका छन् ।


खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resouces for Food and Agriculture- ITPGRFA) त्यस्तै एक महत्वपूर्ण सन्धि हो । यो सन्धिले खाद्य तथा कृषिका लागि अति महत्वपूर्ण ६४ प्रकारका खाद्य तथा घाँसे बालीहरूको पहिचान गरेको छ र तिनका आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँडको बहुपक्षीय पद्धति (multilateral access and benefit sharing system) को कानूनी व्यवस्था गरेको छ । साथै, कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण तथा दिगो उपयोगका सन्दर्भमा कृषक समुदायको योगदानलाई कदर गर्दै उल्लेखित स्रोत र त्यस्ता स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानमा राष्ट्रिय कानूनको प्रबन्ध गरी कृषक अधिकारको व्यवस्था गर्न विश्व समुदायलाई अभिप्ररित गरेको छ । सन्धिले निम्न चार अधिकारलाई कृषक अधिकारको रूपमा व्याख्या गरेको छः

- कृषि र खाद्यका लागि आवश्यक वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी परम्परागत ज्ञानको संरक्षण गर्ने अधिकार,
- कृषि र खाद्यका लागि आवश्यक वानस्पतिक आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभमा समन्यायिक सहभागिताको अधिकार,
- राष्ट्रियस्तरमा कृषि र खाद्यका लागि आवश्यक वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी नीति-निर्माण प्रक्रियामा सहभागी हुने अधिकार, र
- बीउ संचय, साटासाट र पुनः प्रयोग तथा कृषकले जोगाएका बीउ (farm-saved seed) बिक्री गर्न पाउने अधिकार ।

सन्धिको अनुच्छेद १ मा समावेश ६४ बालीका जातका सम्बन्धमा पहुँच तथा लाभको बाँडफाँटको बहुपक्षीय प्रणाली सन्धिको महत्वपूर्ण व्यवस्था हो । आउने दिनमा जलवायु परिवर्तन हुँदै जाँदा खाद्य सुरक्षामा असर क्रमशः गहिरिँदै जाने निश्चित छ । यो अवस्थामा बदलिँदो परिवेशसँग जुध्ने बालीका जातको विकास अपरिहार्य हुन्छ । त्यसैले त्यस्ता बालीका जातहरूको विकासका लागि उल्लेखित ६४ बालीका जातमा पहुँच तथा त्यस्ता स्रोतको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्नुपर्ने हुन्छ । यही कार्यका लागि सन्धिमा पहुँच तथा लाभको बाँडफाँटको बहुपक्षीय प्रणालीको व्यवस्था गरिएको हो । सन्धिका पक्ष राष्ट्रहरूले उल्लेखित बालीहरूमध्ये आफ्नो नियन्त्रण र व्यवस्थापनमा रहेका तथा सर्वसाधारणको जानकारीमा रहेका (under the management and control of the contracting parties and in public domain) जातहरूलाई त्यस्तो प्रणालीमा आबद्ध गर्नुपर्ने हुन्छ । यसरी आबद्ध भएका स्रोतमा पहुँच चाहने पक्षले स्रोत उपलब्ध गराउने निकायसँग Standard Material Transfer Agreement गरेरमात्र पहुँच प्राप्त गर्न सक्दछ ।

सन्धिबमोजिम अनुच्छेद १ मा समावेश बालीका आनुवंशिक स्रोतका सन्दर्भमा लाभको बाँडफाँट पनि बहुपक्षीय प्रणालीमार्फत्

**चित्र बहुपक्षीय प्रणालीअन्तर्गत लाभको बाँडफाँट कोषका स्रोतहरू**



| कोष्ठक | लाभको बाँडफाँट कोषबाट स्रोत प्राप्त हुनसक्ने परियोजनाको योग्यता तथा मुख्य प्राथमिकता |
|---|---|

### परियोजनाको योग्यता

- सन्धिका पक्ष राष्ट्रहरूमध्ये सचिवालयले तोकेका विकासोन्मुख राष्ट्रका सरकारी तथा गैरसरकारी संस्था एवं ती राष्ट्रमा कार्य गर्ने क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाले प्रस्ताव गरेका
- सम्बन्धित देशको सरकारले अनुमोदन गरेका एवं सरकारले साझेदार बन्न स्वीकृति दिएका
- विभिन्न सरोकारवालासँग साझेदारी हुनसक्ने
- अन्य क्षेत्रमा विस्तार गर्दा लाभदायी हुनसक्ने

### परियोजनाको मुख्य प्राथमिकता

- कृषिजन्य वानस्पतिक आनुवंशिक स्रोतको दिगो उपयोग
- कृषिजन्य वानस्पतिक आनुवंशिक स्रोतको स्वस्थानीय संरक्षण र व्यवस्थापन
- सन्धि कार्यान्वयनमा सहयोगी हुने प्रविधि हस्तान्तरण, सूचना एवं जानकारी आदान-प्रदान तथा क्षमता अभिवृद्धि

गरिन्छ । बहुपक्षीय प्रणालीमा अन्य पक्षहरूले आबद्ध गरेका आनुवंशिक पदार्थमा पहुँच, सूचनाको आदान-प्रदान, प्रविधिमा पहुँच र प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धिका कार्यक्रम, आदि बहुपक्षीय प्रणालीमार्फत् उपलब्ध हुने लाभका प्रकार हुन् । यो प्रणालीबाट स्रोतमा पहुँच लिने पक्षले पहुँच लिएको पदार्थको व्यावसायिक उपयोग गरेमा प्राप्त हुने मौद्रिक लाभको समन्यायिक हिस्सा बहुपक्षीय प्रणालीमा दाखिला गर्नुपर्ने हुन्छ जसको बाँडफाँट बहुपक्षीय प्रणालीमार्फत् नै गरिन्छ । मौद्रिक लाभको बाँडफाँटको व्यवस्थापन र कार्यान्वयनका लागि सन्धिमा लाभको बाँडफाँट कोष (Benefit Sharing Fund) को परिकल्पना गरिएको छ ।

## लाभको बाँडफाँट कोष

लाभको बाँडफाँट कोषको स्थापना उल्लेखित सन्धिअन्तर्गत सन् २००६ मा गरिएको हो । बहुपक्षीय प्रणालीबाट कृषिजन्य आनुवंशिक स्रोतमा पहुँच लिएर व्यावसायिक उपयोग गर्ने पक्षबाट यो कोषले मौद्रिक लाभको हिस्सा प्राप्त गर्दछ । यस सन्धिअन्तर्गत सन् २००६ मा नै जारी गरिएको Standard Material Transfer Agreement मा यसको विधि तय गरिएको छ । यसका अतिरिक्त कोषले सन्धिका पक्ष राष्ट्रहरू, निजी क्षेत्र, गैरसरकारी संस्था, एवं अन्य दातृ निकायले प्रदान गर्ने स्वैच्छिक योगदानलाई समेत स्वीकार गर्दछ । यसरी कोषमा दाखिला भएको आर्थिक स्रोत कृषि तथा खाद्यजन्य आनुवंशिक स्रोतको संरक्षण र दिगो उपयोगलाई मद्दत पुऱ्याउने गरी मूलतः विकासोन्मुख देशमा उपलब्ध गराइन्छ ।

लाभको बाँडफाँट कोषले परियोजनाका लागि स्रोत उपलब्ध गराउँदछ । र, यस्तो परियोजनाको छनौट प्रतिस्पर्धाका आधारमा हुन्छ । यसका लागि कोषले सर्वप्रथम परियोजनाको प्रारम्भिक प्रस्तावको आह्वान गर्दछ । यसको जानकारी पक्ष राष्ट्रहरूमा सन्धिको प्रयोजनका लागि तोकिएका सरकारी सम्पर्क निकाय (नेपालको सन्दर्भमा जैविक विविधता तथा खाद्य सुरक्षा महाशाखा, कृषि विकास मन्त्रालय) मार्फत् गराइन्छ । त्यसपछि प्राप्त भएका प्रारम्भिक प्रस्तावहरूमध्ये केही उत्कृष्ट परियोजनाको छनौट गरेर पूर्ण प्रस्ताव बुझाउनका लागि प्रस्तावकहरूलाई भनिन्छ । त्यसपछि स्रोत उपलब्ध गराइन्छ । कोषले यसरी स्रोत उपलब्ध गराएका परियोजनाको कार्यान्वयनको अनुगमन र मूल्यांकन आफैँले नियमित रूपमा गर्ने गर्दछ ।

तर अन्तर्राष्ट्रियस्तरमा लाभको बाँडफाँट कोषको प्रभावकारिताको विषयमा प्रश्न चाहिँ उठ्न थालेको छ । खासगरी कोषको वित्तीय आकार अपेक्षा गरेअनुरूप विस्तार हुन नसकेको कारण कोषको कार्यान्वयनको लागि तर्जुमा गरिएको रणनीतिक योजना अलपत्र पर्ने अवस्था देखिएको छ । सन्धिको तेस्रो उच्चस्तरीय सम्मेलनले सन् २०१४ को अन्तसम्ममा करीब ११ करोड ६० लाख अमेरिकी डलर यस कोषमा जम्मा हुने लक्ष्य लिएकोमा दुई करोड १५ लाख डलरभन्दा बढी संकलन नहुने देखिन्छ । उक्त कार्य योजनाले अपेक्षा गरेअनुरूप निजी क्षेत्रले समेत योगदान गर्न सकेका छैनन् ।

## नेपालका लागि अगाडिको बाटो

लाभको बाँडफाँट कोषबाट उपलब्ध हुने स्रोत कृषक समुदायमा जानेगरी प्रबन्ध गरिएको छ । त्यस्तो स्रोतको आवश्यकता नेपालजस्ता अल्पविकसित एवं आर्थिक स्रोतको अभावबाट गुज्रिरहेका, सानो स्तरमा खेती गरिने, एवं पर्यावरणीय दृष्टिले उच्च

**तालिका २ लाभको बाँडफाँट कोषबाट आर्थिक स्रोत प्राप्त गरेका परियोजनाहरू**

| चरण | | देश | मुख्य प्राथमिकता | अवधि |
|---|---|---|---|---|
| पहिलो चरण | | क्युवा, निकारागुवा कोष्टारिका, पेरू, उरूग्वे, तान्जानिया, सेनेगल, केन्या, मोरोक्को, भारत र इजिप्ट | जलवायु परिवर्तन अनुकूलन, खाद्य सुरक्षा र कृषि जैविक विविधता संरक्षण | दुई वर्ष |
| दोस्रो चरण | पहिलो प्रकार | नेपाल, फिलिपिन्स, सुडान, ब्राजिल, उत्तर कोरिया, कोष्टारिका, ट्युनिसिया | बालीका आनुवंशिक स्रोतसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलापको पहिचान, सूचना आदान-प्रदान, प्रविधि हस्तान्तरण | एक वर्ष |
| | दोस्रो प्रकार | भारत (दुई वटा), इथियोपिया, भुटान, मालावी, मोरोक्को, जाम्बिया, जोर्डन, पेरू, इण्डोनेसिया, ग्वाटेमाला | खाद्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, तथा ITPGRFA को अनुच्छेद ९ मा समावेश बालीका जातहरूको संरक्षण र दिगो उपयोग | दुई वर्ष |

जोखिममा रहेका मुलुकमा अझ धेरै खाँचो छ । तर स्रोत प्राप्त गर्ने अहिलेको प्रक्रिया भने त्यस्ता मुलुकका कृषक समुदायका लागि ज्यादै कठिन देखिन्छ ।

- लाभको बाँडफाँट कोषले परियोजनालाई स्रोत उपलब्ध गराउने हो । र, यो प्रतिस्पर्धामा आधारित हुन्छ । तर नेपालको परिप्रेक्ष्यबाट हेर्दा कृषक समुदायलगायत अन्य सरोकारवालाले अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धी परियोजनाको विकास गरेर स्रोत पाउन कठिन देखिन्छ । त्यसैले यो प्रक्रियालाई सरलीकरण गर्ने उपायको लागि पैरवी गर्नुपर्ने हुन्छ ।

- नेपालजस्ता कृषि प्रधान देशका ग्रामीण भेगमा त्यस्ता कृषक एवं कृषक समुदाय हुन सक्दछन् जसले कतिपय बालीका जातहरूलाई आफ्नो परिवार वा समुदायको धरोहरको रूपमा संरक्षण गरिरहेका छन् । त्यस्तै भावी खाद्य सुरक्षाका लागि महत्वपूर्ण हुनसक्ने कतिपय बेवास्ता गरिएका बाली (neglected varieties) का जातहरूको खेती समेत ती स्थानमा भइरहेको हुन सक्दछ । लाभको बाँडफाँट कोषबाट त्यस्ता समुदायको कार्यलाई स्रोत उपलब्ध गराउने अर्को भिन्न सरल विधि छैन । अर्को कुरा, कोषले बढीमा दुई वर्षको परियोजनालाई स्रोत उपलब्ध गराउँदछ । तर कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण र दिगो उपयोगका सन्दर्भमा परिणाम प्राप्त गर्न केही लामो समय लाग्न सक्दछ । त्यसैले कोषबाट स्रोत प्राप्त गर्ने परियोजनाको दिगोपनका लागि अतिरिक्त पहलको आवश्यकता देखिन्छ ।

- कोषको रकम प्राप्त गर्न र तिनको अधिकतम उपयोग सुनिश्चित गर्न नेपालभित्र समेत केही अवरोधहरु रहेका छन् । लाभको बाँडफाँट कोषसम्बन्धी सबै सूचना कृषि विकास मन्त्रालयमा प्राप्त हुन्छ । र, नियमानुसार मन्त्रालयले सम्बन्धित सरोकारवालालाई यस बारेमा जानकारी गराउनुपर्ने हुन्छ । तर हालसम्मको अभ्यासमा त्यस्तो सूचना तल्लोस्तरका कृषक समुदाय, संरक्षणमा संलग्न स्थानीय संघ-संस्था एवं समुहहरूसम्म सहजरूपमा पुग्न सकेको देखिन्न । जिल्लास्थित कृषि विकास कार्यालय तथा स्थानीय एफएम रेडियोहरु यो कार्यमा सहयोगी हुन सक्दछन् । तर हालसम्म यिनको प्रयोग गरिएको पाइन्न ।

- सरकारले साझेदार बन्न स्वीकृति दिएको परियोजनाले मात्र यो कोषबाट स्रोत प्राप्त गर्न सक्दछ । परियोजनालाई प्रभावकारी बनाउन यो आफैँमा राम्रो प्रबन्ध हुनसक्छ । तर परियोजनाको साझेदार भइरहँदा सरकारले नेपाली कृषक समुदायलाई प्राविधिक एवं अन्य क्षमता अभिवृद्धिको सहयोग उलब्ध गराउनु आवश्यक देखिन्छ जसले ती समुदायका परियोजनालाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउन सक्दछन् । कृषि अनुसन्धान तथा बाली विकास, एवं कृषिजन्य आनुवंशिक स्रोतको संरक्षणमा संलग्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले यो कार्यमा सघाउन सक्दछन् । त्यसैले यो कार्यमा सहयोग गर्न र कृषकसँग साझेदारी बढाउन सरकारले त्यस्ता संस्थाहरूको क्षमता विकासको लागि समेत कार्य गर्नुपर्ने देखिन्छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE)
पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोन: ४४२४३६०, ४४४४४३८, फ्याक्स: ४४४४५७०
इमेल: sawtee@sawtee.org, वेब: www.sawtee.org

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ ।

FRIDTJOF NANSENS INSTITUTT
FRIDTJOF NANSEN INSTITUTE

एफएनआई (Fridtjof Nansen Institute-FNI)
पो.ब.नं.: ३२६, १३२६ लाइसाकर, नर्वे
फोन: (+४७) ६७१११९००
इमेल: post@fni.no
वेब: www.fni.no

फ्रिदोफ नानसीन इन्स्टिच्युट (एफएनआई) पर्यावरण, उर्जा तथा स्रोत व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय राजनीतिका विषयमा अध्ययन-अनुसन्धान गर्ने एक संस्था हो । नर्वेस्थित यस संस्थाले पर्यावरणका सन्दर्भमा विश्वव्यापी कानूनी एवं शासकीय व्यवस्था, जलवायु परिवर्तन, जैविक विविधता तथा आनुवंशिक स्रोतलगायत सातवटा विभिन्न क्षेत्रमा कार्य गर्दै आएको छ । यसले नर्वेलगायत विश्वका विभिन्न देशमा मूलतः प्राज्ञिक अध्ययन-अनुसन्धानको कार्य गर्दै आएको छ । यस संस्थाले राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय कानूनको क्षेत्रमा आफ्नो कार्यलाई मुख्यरूपमा केन्द्रित गर्ने गरेको छ ।

यो नीतिसारका लेखक डा. स्मृति दाहाल सावतीमा वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ । कपिराइटः सावती, २०७१, सज्जाः विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रकः जगदम्बा प्रेस, ललितपुर । यो नीतिसार सावती र एफएनआईको सहकार्यमा संचालित परियोजना *International Objectives for Adaptation, Access and Benefit Sharing: Effects on the Management of Plant Genetic Resources in India and Nepal* अन्तर्गत तयार पारिएको हो । यसमा प्रकाशित विचार तथा मान्यताहरु लेखककै हुन्, सावती र एफएनआईका नहुन पनि सक्छन् ।